जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ | अंक १८१ | २०८० साल फागुन ७ गते सोमबार (19 Feb. 2024 Monday) | मूल्य रु. ५/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : नागरिक अधिकार बहालीको ... ३ पृष्ठमा : गाजा सम्बन्धमा सुरक्षा ... ४ पृष्ठमा : विद्यालयका विद्यार्थीलाई ...

# राजविराज नगरपालिका बिरुद्ध परेको रिटमा अल्पकालिन अन्तरिम आदेशलाई नै निरन्तरता

**दैनिक समाचारदाता**
**राजविराज, ६ फागुन ।**

राजविराज नगरपालिकाका बिरुद्ध उच्च अदालत जनकपुर राजविराज इजलाशले यसअघि गरेको अल्पकालिन अन्तरिम आदेशलाई नै निरन्तरता दिएको छ ।

न्यायाधिश अर्जुन अधिकारी र कृष्णप्रसाद सुवेदीको संयुक्त इजलाशले यसअघि फागुन २ गते अदालतबाट जारि भएको अल्पकालिन अन्तरिम आदेशलाई नै आइतबार निरन्तरता दिइने आदेश जारि गरेको हो ।

सुनुवाईका क्रममा विपक्षी बनाइएका नगरपालिका र कार्यवाहक प्रमुखको तर्फबाट १६ जना कानुनी व्यवसायीहरुले वहस गर्दा रिट निवेदक प्रमुख प्रशासकीय अधिकृत गुरुङले भने कुनै कानुन व्यवसायी नराखी आफू स्वयम नै बहसमा सहभागि भएका थिए ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद



गुरुङले आफूलाई गैरकानुनी ढंगले संघीय मामिला तथा सामान्य मन्त्रालय फिर्ता पठाउने निर्णय बिरुद्ध कार्यवाहक नगरप्रमुख इसरत परविन सहित राजविराज नगरपालिका कार्यालयलाई विपक्षी बनाउँदै उच्च अदालत जनकपुर-राजविराज इजलाशमा फागुन १ गते दायर गरेको उत्प्रेशन रिटमा न्यायाधिश कौशलचन्द्र सुवेदीको एकल इजलासले फागुन २ गते जारि गरेको अल्पकालिन अन्तरिम आदेशलाई आइतबार निरन्तरता दिएको हो ।

यसअघि फागुन २ गते निवेदकको माँग बमोजिमको आदेश किन जारी हुनु नपर्ने ? आदेश जारी नहुनु पर्ने कुनै आधार र कारण भए सो समेत उल्लेख गरी १५ दिन भित्र आफै वा कानुन बमोजिमको प्रतिनीधी मार्फत लिखित जवाफ पेश गर्नु भनी अदालतले आदेश जारि गरेको थियो । आदेशमा फागुन ६ गते दुबै पक्षको उपस्थितीमा छलफल गराई निष्कर्षमा पुग्न उपयुक्त हुने भन्दै सो प्रयोजनका लागी पेशी समेत तोकिएको थियो ।

यस्तै आदेशमा अन्तरिम आदेशको छलफलका लागी पेशी तोकिएको मिति सम्म निवेदकलाई हाजिर भई नियमित कामकाज गर्न अवरोध नगर्नू/गर्न नदिनु भनी उच्च अदालत नियमावली २०७३ को नियम ४२ (१) बमोजिम विपक्षीहरुको नाममा अल्पकालिन अन्तरिम आदेश जारी गरि दिएको समेत उल्लेख गरिएको थियो ।

# लौनियाका अग्निपीडितलाई गाउँपालिकाको राहत



**दैनिक समाचारदाता**
**राजविराज, ६ फागुन ।**

सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका वडा २ लौनियाका अग्निपीडित परिवारलाई गाउँपालिकाले राहत बितरण गरेको छ ।

शुक्रबार रातिभएको आगलागीमा चार परिवारको घर जल्दा करिब ३० लाख रुपैयाँ बराबरको धनमाल क्षति भएको थियो । स्थानीय हरिकृष्ण मण्डल, विजय मण्डल, रामरतन मण्डल र भरत साफीको घर जल्दाकरिब ३० लाख रुपैयाँ बराबरको धनमाल क्षति भएको गाउँपालिकाले जनाएको छ ।

अग्नीपीडित चारै परिवारलाई शनिबार तिलाठी कोईलाडी गाउँपालिकाले राहत सामग्री प्रदान गरेको छ ।

छोरीको विहेको तयारीमा लागेका विजयको ४ तोला सुन, आधा किलो चाँदी, करिब ३० हजार नगद, २ सय किलो चामल, करिब १४ सय किलो धान जलेको थियो । यसैगरी कुशुमलाल मण्डलबाट फिर्ता पाएको सापटी रकम डेढ लाख रुपैयाँ जलेको रामरतन मण्डलले बताए ।

प्रति परिवार २५ किलो चामल, ५ किलो मुरही, खाने तेल २ लिटर, नुन २ किलो, एक थानकम्बल, एक थानत्रिपाल, साडी एक थान, लुंगी एक थान, झुल एक थान, बेडसिट एक थान, आधाकिलो भुजिया, बाल्टिन एक थान र मग एक थान प्रदान गरिएको गाउँपालिकाका विपद् व्यवस्थापन अधिकृत राजेश कुमार झाले जानकारी दिए ।

गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डल, वडा नं. २ लौनियाँका वडा अध्यक्ष कमलकुमार मण्डल, योजना शाखा प्रमुख दिपककुमार मण्डलसहितकाले राहत सामग्री हस्तान्तरण गरेका थिए ।

# कोशी पीडितद्वारा बालीनालीको क्षतिपूर्तीका लागी भारतीय सरकारसँग कुटनीतिक पहल गर्न माग

**दैनिक समाचारदाता**
**राजविराज, ६ फागुन ।**

कोशी पीडितहरुद्वारा गठित कोशी कटान डुबान पीडित संघर्ष समिती सुनसरी, उदयपुर र सप्तरीले बालीनालीको क्षतिपुर्तीका लागी भारतीय सरकारसँग कुटनीतिक पहल गर्न नेपाल सरकारसँग माग गरेको छ ।

कोशी पीडितहरुद्वारा गठित कोशी कटान डुबान पीडित संघर्ष समिती सुनसरी, उदयपुर र सप्तरीले सरकारलाई एक पत्र बुझाउँदै यस्तो माग गरेका हुन् ।

विगत ७० वर्षदेखि संघर्षरत कोशी कटान पीडितले सरकारसँग कोशी नदीको दुबै तटबन्ध भित्रको छुट जग्गाहरुको नाप नक्शा गरी जग्गा धनी पुर्जा उपलब्ध गराउनुका साथै मुआब्जा र बालीनालीको क्षतिपुर्तीका लागी भारतीय सरकारसंग कुटनीतिक पहल गर्न माग गरेको छ ।

कोशी पीडितहरुले तीन पुस्तासम्म पनि आफुहरुले मुआब्जा नपाएको गुनासोसहित वेला वेलामा स्थानीयस्तरमा विभिन्न कार्यक्रम गरी आन्दोलन गर्दै आएका छन् ।

तर हाल सम्म कुनै सुनवाई नभएकाले पछिल्लो पटक संघर्ष समितिका पदाधिकारी सम्मिलीत टोली काठमाडौ मै पुगी भुमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्री रंजिता श्रेष्ठलाई पत्र बुझाई अविलम्ब समस्या समाधानका लागी पहल गर्न माग गरिएको कोशी कटान डुवान पीडित संघर्ष समिति सुनसरी, उदयपुर र सप्तरीका संयोजक महिदेव प्रसाद चौधरीले जानकारी दिए ।

पत्र बुझाएर फर्केपछि आइतवार राजविराजमा संचारकर्मीहरुसित कुरा गर्दै उनले कोशी सम्झौता हुँदा भारतीय पक्षले डुवान क्षेत्रको मुआब्जा दिने भने पनि नदिएको तथा नेपाल सरकारले पनि सम्झौता कार्यान्वयनका लागी ठोस पहल नगरेको बताए ।

वि.स.२०११ सालमा नेपाल-भारतबीच भएको कोशी सम्झौता अनुसार कोशी योजना अन्तर्गत परेको जग्गाको मुआब्जा तथा क्षतिपुर्ती भएको बाली नालीको क्षतिपुर्ती भारत सरकारले दिनु पर्ने उल्लेख भएपनि भारतीय सरकारबाट सोको पालना हुन नसकेको सन्दर्भमा काठमाडौं पुगेको टोलीले उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय, राष्ट्रिय भुमि आयोगलाई समेत समस्या समाधानका लागी पहल गर्न मागसहित ध्यानाकर्षण पत्र बुझाएको टोलीमा सहभागी संघर्ष समितिका कोषाध्यक्ष कासिम अन्सारीले बताए ।

पत्रमा कोशी सम्झौता बमोजिम मुआब्जा र क्षतिुर्ती माग गर्न आवश्यक पर्ने कागजातहरु भु-आर्जन कार्यालय कोशी योजना विराटनगरमा पठाई सकिएको जानकारीसहित दुबै देशका सर्वेक्षक तथा निरिक्षकबाट कटान र डुबानमा परेको छुट जग्गाहरुको समेत नाप नक्शा गरी जग्गा धनी पुर्जाको व्यवस्था गर्न माग गरिएको छ ।

२०८० साल माघ १ गते मन्त्री परिषदको निर्णयले छुट जग्गा दर्ता गर्न भनेकाले समय

*बाँकी अन्तिम पृष्ठमा*


## वैदेशिक रोजगारीका सम्बन्धमा ध्यान दिनुपर्ने कुराहरु

- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारीमा नजाऔं,
- वैदेशिक रोजगारमा जानुअघि आवश्यक सीप तथा भाषा सिकौं,
- आफू जान लागेको देश, गर्ने काम र पाउने पारिश्रमिकको जानकारी लिऔं,
- अर्काको लहैलहैमा वैदेशिक रोजगारमा नजाऔं,
- ईजाजत प्राप्त कम्पनीमार्फत रोजगारीमा जाऔं, दलालको फन्दामा नपरौं,
- सुरक्षित वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिएर मात्र जाऔं,
- नेपालको विमानस्थल प्रयोग गरेर मात्र वैदेशिक रोजगारमा जाऔं,
- सरकारले तोकेभन्दा बढी रकम मागेमा तुरुन्त वैदेशिक रोजगार विभाग वा स्थानीय प्रशासनमा खबर गरौं,
- विदेशमा कमाएको रकम सुरक्षित राखौं र आधिकारिक माध्यमबाट मात्र घर पठाऔं,
- विदेशमा फजुल खर्च नगरौं, कमाएको रकम बचत गरी घर फर्की आफै उद्यमी बनौं,
- श्रम स्वीकृतीको अवधि सकिएपछी अनिवार्य स्वदेश फर्किऔं,
- पुनः जानु पर्ने भए श्रम स्वीकृति लिएर मात्र जाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### न्यायिक समितिको काम कर्तब्य बारे अझै अनभिज्ञ जनता

स्थानिय पालिकाहरुमा रहेको न्यायिक समिति बारे जनता अझै अनभिज्ञ नै रहेका छन्। झण्डै ७ वर्षदेखी संचालनमा रहेको यस समितिको काम कर्तब्य बारे अधिकांश जनताले अझ बुझ्न सकेका छैनन्। स्थानिय पालिका अन्तरगत उपमेयर/उपप्रमुख संयोजक रहने गरि तीन सदस्यीय समितिले अन्य अदालत जस्तै न्याय दिने गरेको छ। सरकारले स्थानिय तहमै विभिन्न मुद्दा छिनोफानोका लागि न्यायिक समितिको गठन गरेको हो। यस समितिले गरेको निर्णय अदालत सरह नै हुने गरेको छ। तर, पनि यस समितिमा मुद्दा आउनुको साटो प्रहरी र अदालतमा अहिले पनि सानो भन्दा सानो मुद्दा दर्ता हुने गरेको छ। न्यायिक समितिको बारेमा स्थानियस्तरमा पहुँच नहुनुले मुद्दाहरु अदालत जाने गरेको हुनसक्छ।

नेपालभरि सप्तरीलाई जग्गा सम्बन्धी बढी मुद्दा दर्ता हुने जिल्लाको रुपमा चिनिन्छ। जिल्लालाई मुलुककै बढी मुद्दा दर्ता हुने जिल्लाको रुपमा समेत परिचित छ। यस जिल्लाका अदालतहरुमा सानो भन्दा सानो जालझेल, जग्गा सम्बन्धी, झगडा लगायतका अन्य विभिन्न खाले मुद्दाहरु दिनहुँ दर्ता हुने गरेको छ। समाजबाटै समाधान हुने खालका मुद्दाहरु पनि अदालतमा दर्ता हुने गरेको पाइएको छ। यस जिल्लालाई बढी जग्गा खिचलो तथा जग्गा सम्बन्धीको मुद्दा दर्ता हुने गरेको छ। यस्ता मुद्दाहरुको छिनोफानो हुन निकै समय लाग्ने गर्दा पनि आफ्नो जुंगाको लडाईलाई कायम राख्न पनि दर्ता गर्ने गरिन्छ।

तसर्थ यसका लागि स्थानिय पालिकाहरुले न्यायिक समितिको काम, कर्तव्य र विश्वसनियता सम्बन्धमा जनतासमक्ष पुऱ्याउन जनचेतना दिनु पर्ने आवश्यकता रहेको छ।

# नागरिक अधिकार बहालीको जगको ढुङ्गा फागुन सात

**धर्मेन्द्र झा**
काठमाडौँ, ६ फागुन।

देश अहिले ७४औँ प्रजातन्त्र दिवसको उत्सवमय उत्साहमा छ। फागुन ७ का दिन ७४ वर्ष पहिले नेपालीहरु रैतीबाट वास्तविक अर्थमा जनता बनेका हुन्। आजैका दिन नेपालले एकतन्त्रीय जहानीय शासनबाट मुक्ति प्राप्त गरेर प्रजातान्त्रिक शासनको बाटोमा अग्रसर हुने अवसर प्राप्त गरेको हो। देशमा हालसम्म जनताका अधिकार सुनिश्चितताका सन्दर्भमा जे जति आन्दोलन र क्रान्ति भए ती सबैको जग वास्तवमा २००७ साल फागुन ७ मा प्राप्त प्रजातन्त्र नै हो।

भनिन्छ, प्रजातन्त्र वा लोकतन्त्रको सर्वोत्तम विकल्प प्रजातन्त्र वा लोकतन्त्र नै हो। विश्वमा यहीमात्र यस्तो शासन शैली हो जसले आफूमा रहेको कमजोरी स्वीकार गर्दछ र जनतालाई अधिकारसम्पन्न बनाउन तथा देशमा विकासको खाका कोर्न आफूलाई सच्याउँछ र आवश्यक परिवर्तन गर्दछ। नेपालको राजनीतिक विकासक्रमको लेखाजोखा गर्ने हो भने २००७ सालमा स्थापित प्रजातन्त्र राष्ट्र निर्माणका सन्दर्भमा महत्वपूर्ण प्रस्थानविन्दु भएको कुरामा दुईमत हुन सक्दैन। २००७ साल राजनीतिको यस्तो विन्दु हो जहाँबाट नेपाल वास्तविक अर्थमा देश बन्ने प्रक्रियाको प्रारम्भ भयो। शासनका संरचनाहरु बन्न थाले। देशमा पहिलो पटक कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका गठनको औपचारिक प्रक्रिया सुरु भयो। कानुनी शासनको जग बसाउने कार्य थालियो। भौतिक पूर्वाधार निर्माणको आवश्यकता बोध हुन थाल्यो। शिक्षा र स्वास्थ पनि देशका लागि आवश्यक विषय हुन भन्ने बोध गरियो। जनताका अधिकार र पहिचानका विषयले स्वर प्राप्त गर्ने अवस्थाको निर्माणका पक्षमा जोड दिन थालियो। यो यही वर्ष हो, जहिले जनताद्वारा नै संविधान निर्माण हुनुपर्छ भन्ने आवश्यकता बोध गर्दै संविधानसभाको औचित्यबारे पनि वहस प्रारम्भ भयो।

विसं २००७ को सेरोफेरो बुझेका नेपाली नागरिकका हकमा त प्रजातन्त्र दिवसको महत्वबारेको बुझाइमा समस्या छैन तर नेपालको पछिल्लो पुस्ताको बुझाइमा भने एकरुपता कायम हुनु जरुरी छ। आजको नेपाली राजनीतिको सम्पूर्ण उपलब्धिको स्रोत २००७ सालको फागुन ७ गते हो भनेर वर्तमान पुस्ताको बुझाइमा एकरुपता विकसित गरिनु अपरिहार्य छ। समयक्रमसँगै नेपालमा प्रजातन्त्रलाई लोकतन्त्र भन्न थालियो। २०६२/६३ को जनाआन्दोलनपछि राजतन्त्रको समाप्तिसँगै अर्थात गणतन्त्रका दिन सुरु भएपछिका दिनमा लोकतन्त्र शब्द बढी अभ्यासमा आएको हो। लोकतन्त्र वा प्रजातन्त्र जे भनिए पनि अङ्ग्रेजी भाषाको डेमोक्रेसीकै अनुवादका रुपमा यी दुवै शब्दलाई स्वीकारिन्छ।

**लोकतन्त्रमा सुशासन**

लोकतन्त्रसँग सुशासनको घनिष्ठ सम्बन्ध छ। न त सुशासनबिना लोकतन्त्र गतिशील हुन सक्दछ न त लोकतन्त्रबिना सुशासन नै कायम हुन सक्दछ। वास्तवमा लोकतन्त्रको आवश्यकता नै सुशासन स्थापनाका लागि हो भनेर भनियो भने अन्यथा हुने छैन। नेपालको राजनीतिक इतिहासको मूल्याङ्कनको प्रयत्न गर्ने हो भने लोकतन्त्र र सुशासनको सम्बन्ध स्पष्ट हुन्छ। २००७ सालभन्दा पहिला नेपालमा सुशासनको कुनै अवधारणा नै थिएन भन्दा अतिशयोक्ति हुँदैन। न त कुनै कानुन न त कानुनी शासन। न त अदालत न त न्याय नै। न त विकास न त मानवअधिकार। यो सबैको कारण भनेको लोकतान्त्रिक शासनको अभाव थियो।

पछिल्लो समयमा नेपालमा लोकतन्त्र संस्थागत हुने अवस्थाको निर्माण भएको छ। माथि चर्चा गरिएअनुसार नै नेपालको लोकतन्त्र क्रमशः परिपक्व हुँदै गएको छ र आवश्यकतानुसार यसले आफूलाई परिवर्तित र परिमार्जित गरिरहेको छ। पछिल्लो पुस्ताको लोकतन्त्रले सुशानको अवधारणासँगै मानवअधिकार, सङ्घीयता, समावेशी र पहिचानको कुरालाई स्वीकार गरेको छ। नेपाल पनि स्वभाविकरुपमा अपवाद हुन सक्दैन। यहाँ पनि यी अवयवहरुलाई स्वीकार गरिएको छ र पछिल्लो समयमा नेपालको संविधान २०७२ ले नेपाली लोकतन्त्रलाई नयाँ ढङ्गले परिभाषित गर्ने क्रममा सङ्घीयतालाई आत्मसात् गरेको छ।

**लोकतन्त्रको सवलीकरण र सङ्घीयता**

केन्द्रीय सरकारको शक्ति र जिम्मेवारीलाई प्रदेश वा स्थानीय स्तरमा बाँडने पद्धति अथवा राज्यसत्ताका अधिकार र दायित्वहरु केन्द्रमा नथुपारी सङ्घ र एकाइमा बाँड्नु सङ्घीय शासन व्यवस्था हो। सामान्य बुझाई र शाब्दिक अर्थका आधारमा सङ्घीयतालाई शासकीय क्रियाकलापमा अधिकांश जनतालाई सहभागी गराउने राजनीतिक प्रक्रियाका रुपमा पनि परिभाषित गर्न सकिन्छ। वास्तवमा बहुजातीय, वहुभाषिक र बहुधार्मिक समाजको हक, हित र अधिकारको संरक्षण र सीमान्तकृत समूहहरुलाई सशक्तीकरण गर्ने शासन प्रणाली नै सङ्घीयता हो। यस आधारमा विश्लेषणको प्रयत्न गर्ने हो भने सङ्घीयता र लोकतन्त्र एक अर्कासँग अत्यन्त घनिभूतरुपमा सम्बन्धित छ भन्न सकिन्छ।

वास्तवमा लोकतन्त्रलाई 'अर्थ' प्रदान गर्न संघीयताको निकै महत्व छ। सङ्घीयता अधिकार तथा शक्तिको विधिवत् विकेन्द्रीकरणको एक मोडेल हो, जो लोकतन्त्रमा मात्र सम्भव छ। खासमा पछिल्लो विश्वमा लोकतन्त्रको सवलीकरणका दिशामा सङ्घीयताले निर्णायक भूमिका निर्वाह गर्ने अवधारणा लोकप्रीय बन्दै गएको छ। अधिनायकवादी शासन व्यवस्थामा अधिकार र शक्तिको विकेन्दीकरणको अवधारणामा विश्वास गरिँदैन। अधिकनायकवादमा विश्वास गर्नेहरु सधैं शक्तिको केन्द्रीकरण चाहन्छन्।

पछिल्लो अवस्थामा नेपालको राजनीतिक अवस्थाको विश्लेषणको प्रयत्न गर्ने हो भने विगतमा केन्द्रीय शासनमा निहीत शक्ति र अधिकार विकेन्दीकरणको अवधारणालाई स्वीकार गर्न थालिएको छ र जनतामा वास्तविक अर्थमा सम्प्रभूता निहीत हुने कुरालाई स्वीकार गर्न थालिएको छ। यसको अर्थ हो, नेपालको लोकतन्त्र क्रमशः संस्थागत भइरहेको छ र तल्लो तहसम्मका जनताले लोकतन्त्रको अनुभूत गर्ने वातावरणको निर्माण भइरहेको छ।

**नागरिक समाज र सामाजिक अभियान**

लोकतन्त्रमा नागरिकस्तरमा गठित र सञ्चालित सङ्घसंस्थाले समग्रमा नागरिक समाजको प्रतिनिधित्व गर्ने विश्वास गरिन्छ। लोकतान्त्रिक संस्कृति मौलाएका विश्वका सबै देशमा यो मान्यता लागू भएको पाइन्छ। सार्वजनिक निकाय र त्यहाँको अधिकारीलाई सार्वजनिक कार्य इमानदारीपूर्वक सम्पन्न गरी जनकल्याणका लागि कानुनले अख्तियार प्रदान गरेको हुन्छ।

त्यस्ता अधिकार प्राप्त निकाय र व्यक्तिलाई अनुसन्धानको दायरामा ल्याई लोकतन्त्र र सुशासन सुनिश्चित गर्ने दिशामा नागरिकस्तरमा दबाबको अभियान सञ्चालन गरिनु जरुरी छ। यसबाट जिम्मेबार र सार्थक लोकतन्त्रको उपस्थितिलाई बल पुग्छ। तर दुःखको कुरा हामीकहाँ अझै पनि नागरिकस्तरमा यस्तो वातावरणको निर्माण हुन सकेको छैन। लोकतन्त्र स्वयंमा देशलाई सकारात्मक दिशामा डोऱ्याउने एक एक अभियान हो र यो अभियान राज्यमात्रैका भरमा सफल हुन सम्भव छैन। यसका लागि नागरिकस्तरमा अभियान सञ्चालन हुनु अपेक्षित छ।

**प्रेस र नागरिक समाजको उपस्थिति अपरिहार्य**

प्रेस स्वतन्त्रता र नागरिक समाजको फराकिलो उपस्थिति कुनै पनि लोकतान्त्रिक व्यवस्थाको सफलताका लागि एक महत्वपूर्ण शर्त मानिन्छ। कहीं पनि लोकतन्त्र छ भनेर भनियो भने त्यहाँ स्वाभाविकरुपमा प्रेस स्वतन्त्रता र नागरिक समाजको निर्वाध गतिविधिको प्रत्याभूति छ भन्ने बुभिन्छ। लोकतन्त्रले नेपाल र नेपालीलाई प्रेस स्वतन्त्रता र नागरिक समाजको फराकिलो उपस्थितिको अवसर प्रदान गरेको छ। २००७ सालको फागुन ७ नै यस्तो प्रस्थान विन्दु हो जसले नागरिक अधिकारको बहाली, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र सुसूचित हुन पाउने जनताको हकको पक्षमा जगको ढुङ्गा राखेको हो। यी सबैको सम्बन्ध नागरिकको मौलिक अधिकारको बहालीसँग छ।

जनताको सुसूचित हुन पाउने हकको प्रत्याभूति पनि प्रेस स्वतन्त्रतामार्फत नै हुन सक्ने विश्वव्यापी मान्यता छ। र, समग्रमा यी सबैको सम्बन्ध लोकतन्त्रको संरक्षण, सम्बर्द्धन र विकाससँग छ। पछिल्लो दिनमा परिवर्तन र नागरिक अधिकार संस्थागत भएको देख्न नचाहने तत्व र समूहबाट प्रेस र नागरिक समाजमाथि आक्रमण भइरहेको छ भन्नु अन्यथा नहोला। यसको अर्थ हो, समग्रमा लोकतन्त्रमाथि नै आक्रमण गर्ने र आघात पुऱ्याउने जमातको आकार वृद्धि भइरहेको छ। यस्ता तत्व र समूह प्रेस र नागरिक समाज अर्थात सारमा लोकतन्त्र नै क्रियाशील भएको देख्न चाहँदैनन्। तिनले समाज रुपान्तरण भएको देख्न चाहँदैनन्। यस्तोमा लोकतन्त्रको वृहत् हितका पक्षमा त्यस्ता तत्वको निर्मूलीकरण आवश्यक छ। यति हुन सके जिम्मेबार लोकतन्त्रका पक्षमा अनुकूल वातावरणको निर्माण सहज हुन सक्छ। *(लेखक राष्ट्रिय समाचार समिति (रासस)का कार्यकारी अध्यक्ष हुनुहुन्छ)*


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.) General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# नेपाल सहकारी संस्था लिमिटेड

## सप्तरी राजविराजबाट जारी गरिएको

## ऋणीहरुलाई धितो लिलामी सम्बन्धी सुचना

*मिती : २०८०/११/०७*

नेपाल सहकारी संस्था लिमिटेड, सप्तरी राजविराजबाट विभिन्न मितिमा आफ्नो काम कारोबारका लागि ऋण प्राप्त गरी सो ऋणको भाखा बमोजिम तोकिएको म्यादमा साँवा तथा ब्याज चुक्ता गरी फरफराक लिनुपर्नेमा तपसिल बमोजिम व्यक्तिहरुले सो नगरी आलटाल गरी बसेको हुँदा साँवा तथा ब्याज बुझाउन ऋणीलाई संस्थाबाट पटक-पटक सुचना पठाउँदा पनि सम्बन्धित ऋणीहरुले त्यस तर्फ ध्यान नदिई बसेका हुँदा निजहरुले ऋणको धितोवापत संस्थामा राखिएको अचल सम्पतिहरु धितो लिलाम बिक्री गरी असुल उपर गर्नुपर्ने भएकोले सम्बन्धित ऋणी तथा निजको तर्फबाट धितो जमानी राखी मंजुरनामा दिने व्यक्ति समेतको जानकारीका लागि सहकारी ऐन २०७४ को दफा ७९, ८३ तथा सहकारी नियमावली २०७५ को दफा ३० बमोजिम कार्यवाहीका लागि यो सुचना प्रकाशित गरिएको छ। तसर्थ तपसिलका ऋणीहरुले संस्थामा राखिदिएको तपसिल बमोजिमको धितोको जग्गा मिति **२०८०/११/२१** गते सोमबारका दिन कार्यालयमा लिलाम डाक बढाबढ हुने भएकोले इच्छुक नेपाली नागरिकहरु लागि यो सुचना प्रकाशित गरिएको छ । साथै सो लिलाम डाँक बढाबढको कार्य उक्त मितिको बिहान १०:०० बजेदेखि कार्यालय खुला रहेको समयसम्म हुने भएकोले उक्त समयमा कार्यालयमा उपस्थिति भई डाक साकार गरिलिनु हुन यो सुचना प्रकाशित गरिएको छ । डाँक साकार गर्ने व्यक्तिले डाँक साकार गरेको अंकको १० प्रतिशत रकम तुरुन्तै, बाँकी रकम १५ दिनभित्र यस संस्थामा बुझाउनुपर्नेछ । सो म्याद नाघी आएमा जम्मा भएको रकम जफत हुनेछ । लिलाम सम्बन्धित सम्पुर्ण खर्च सम्बन्धी ऋणीले व्यहोर्नुपर्ने समेत जानकारी गराइन्छ । अन्य लिलाम सम्बन्धी जानकारी संस्थाको कार्यालयमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ । डाक स्वीकृत गर्ने वा अस्वीकृत गर्ने अधिकार संस्थामा निहित रहनेछ ।

## तपसिल

| क्र.स. | ऋणीको र व्यक्तिगत जमानीको नाम थर वतन | बाजे/ससुराको नाम | बुवा/पतीको नाम | जग्गाधनीको नाम | लिलाम हुने धित्तोको विवरण |
|---|---|---|---|---|---|
| १ | **ऋणीको नाम :** हालो देवी<br>**ना.प्र.नं.:** ५६३४४३४१/जि.प्र.का. सप्तरी | जितु मंसुरी | पांचु मिंया/ धिरन मंसुरी | हालो देवी | **ठेगाना :** चनैरा पररिया<br>**वाड :** ३<br>**कि.नं./प्लौट नं.:**२०५३<br>**क्षेत्रफल :**०-०-५.५ |
| २ | **ऋणीको नाम :** चन्दा देवी मण्डल<br>**ना.प्र.नं.:** ४५४५/जि.प्र.का. सप्तरी | मुक्ती लाल मण्डल | सुर्य नारायण मण्डल/सन्तोष कुमार मण्डल | चन्दा देवी मण्डल | **ठेगाना :** बोरीया<br>**वाड :** ३<br>**कि.नं./प्लौट नं.** :१५०८<br>**क्षेत्रफल :**०-०-९.५.० |
| ३ | **ऋणीको नाम :** मंजु कुमारी चौरसिया<br>**ना.प्र.नं.:** ७६०८५३२४/जि.प्र.का. सप्तरी | सुगदेव राउत | देव नारायण राउत बरै | मंजु कुमारी चौरसिया | **ठेगाना :** राजविराज<br>**वाड :** ५/क<br>**कि.नं./प्लौट नं.** : ३४९४<br>**क्षेत्रफल :** ०-०-१० |
| ४ | **ऋणीको नाम :** दिपेन्द्र कुमार मण्डल<br>**ना.प्र.नं.:**८८९६/६६२०/जि.प्र.का. सप्तरी | मलहु मण्डल | मुक्ति लाल मण्डल | दिपेन्द्र कुमार मण्डल | **ठेगाना :** सखडा<br>**वाड :** २/क<br>**कि.नं./प्लौट नं.** : १४१७<br>**क्षेत्रफल :** ०-१-० |
| ५ | **ऋणीको नाम :** गुलाव यादव<br>**ना.प्र.नं.:** ७६०८५३४५/जि.प्र.का. सप्तरी | नथु यादव | खटर यादव | गुलाव यादव | **ठेगाना :** राजविराज<br>**वाड :** ५/क<br>**कि.नं./प्लौट नं.** : ५३१८<br>क्षेत्रफल : ०-१-९१/४ |
| ६ | **ऋणीको नाम :** दिपेन्द्र कुमार यादव<br>**ना.प्र.नं.:** ७७८५/जि.प्र.का. सप्तरी | भोला यादव | देव नारायण यादव | दिपेन्द्र कुमार यादव | **ठेगाना :** बोरीया<br>**वाड :** ३<br>**कि.नं./प्लौट नं.** : ८४९<br>**क्षेत्रफल :**०-०-७ |
| ७ | **ऋणीको नाम :** सरो देवी<br>**ना.प्र.नं.:** ४३२१/जि.प्र.का. सप्तरी | रामजी यादव | असर्फी यादव/किसुन लाल यादव | सरो देवी | **ठेगाना :** नर्घो<br>**वाड :** २/ख<br>**कि.नं./प्लौट नं.** : २०५<br>**क्षेत्रफल :**०-१-१४ |
| | | | | | **ठेगाना :** नर्घो<br>**वाड :** २/क<br>**कि.नं./प्लौट नं.** : ६०६<br>**क्षेत्रफल :**०-९-३ |
| | | | | | **ठेगाना :** नर्घो<br>**वाड :** ३/क<br>**कि.नं./प्लौट नं.** : ३४६<br>**क्षेत्रफल :**०-२-७ |
| | | | | | **ठेगाना :** राजविराज<br>**वाड :** ५/क<br>**कि.नं./प्लौट नं.** : २५३७<br>**क्षेत्रफल :**०-०-१४ |

**लिलाम डाक बढाबढ हुने मिति :** २०८०/११/२१ गते सोमबार

**समय** : बिहान १०:०० बजे देखि ४:०० सम्म

**स्थान** : संस्थाको कार्यालय भवन राजविराज-४, गजेन्द्र चौक

***नोट : लिलाम डाक बढाबढ हुने दिन बिदा पर्न गएमा बिदाको भोलिपल्ट कार्यालय खुलेको दिन डाक बढाबढ हुनेछ ।***

**नेपाल सहकारी संस्था लि.**
राजविराज-४, सप्तरी
फोन नं ०३१-५३१०९६


# बालकुमारी घटनाका दोषीलाई कारबाही गर्न सांसदको माग

काठमाडौँ, ६ फागुन (रासस) ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा प्रतिपक्षी दलहरुले बालकुमारी घटनाका सबै दोषीलाई कारबाही गर्न संसदमार्फत् सरकारको ध्यानाकर्षण गराएका छन् ।

इपिएस कोरियाका विद्यार्थीले गत पुस १३ गते ललितपुरको बालकुमारी क्षेत्रमा गरेको आन्दोलनका क्रममा दुईजनाको मृत्यु भएको थियो । साथै सो आन्दोलनका क्रममा भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालाको गाडीमा आगजनी भएको थियो ।

नेकपा (एमाले)का सचेतक महेश बर्तौलाले गत पुसमा ललितपुरमा भएको घटनाका दोषीलाई कारबाहीको माग गर्नुभयो । सो घटनाबारे छानबिन गर्न गठिन समितिले दोषी ठहऱ्याएका सबै व्यक्तिलाई सरकारले कारबाही गर्न नसकेको तर तल्लो तहका प्रहरी कर्मचारीलाई मात्रै कारबाही गरेको आरोप उहाँको आरोप लगाउनुभयो ।

साथै आर्थिक अनियमतताको आशङ्कामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बयान लिइरहेका व्यक्ति मन्त्रीका रुपमा बहाल रहेको विषयबारे पनि संसदको ध्यानाकर्षण गर्नुभयो । लुम्बिनीको रामग्राम क्षेत्रलाई निजी कम्पनीलाई भाडामा दिने गरी अघि बढाइएको प्रक्रियाबारे पनि गम्भीर छानबिन गरिनुपर्ने उहाँको माग थियो ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानले बालकुमारी घटनाबारे अध्ययन गर्न गठित छानबिन समितिले उक्त घटना घट्नुमा भौतिक पूर्वाधार मन्त्री जिम्मेवार रहेको निष्कर्ष निकालेको बताउनुहुँदै कारबाहीको माग गर्नुभयो । सरकारले आर्थिक अनियमितता र भ्रष्टाचारको अनुसन्धान गर्दा सुरुमा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरु अनुसन्धानका लागि तयार रहेको बताउनुभयो ।

नेपाली कांग्रेसका सांसद दीपक खड्काले नेपाल स्काउटको जग्गा भाडा प्रक्रियासम्बन्धी विषय संसदमा उठाउनुभयो । उक्त जग्गा भाडामा लगाउँदा सबै खरिद प्रक्रिया पूरा भएको दावी गर्नुभयो ।

सांसद प्रेम सुवालले

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

# गाजा सम्बन्धमा सुरक्षा परिषद्को नयाँ मतदान रोक्ने अमेरिकी धम्की

संयुक्त राष्ट्रसङ्घ, ६ फागुन (रासस/एएफपी) ।

गाजामा ‘तत्काल’ युद्धविरामको माग गर्ने अल्जेरियाको प्रस्तावमा संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले आगामी साता मतदान गर्न सक्ने कूटनीतिक स्रोतहरूले शनिबार बताएका छन् । यद्यपि वासिङ्टन फेरि उक्त प्रस्तावलाई अवरुद्ध गर्न तयार रहेको देखिन्छ ।

जनवरीको अन्त्यमा अन्तर्राष्ट्रिय अदालतले इजराइलले गाजामा आफ्नो युद्धमा नरसंहार कार्य रोक्नका लागि हरसम्भव प्रयास गर्नुपर्ने फैसला गरेपछि अल्जेरियाले एउटा नयाँ मस्यौदामा छलफपल सुरु गरेको छ । फैसलामा अदालतले इजराइलले हमास लडाकूहरूलाई निशाना बनाइरहेको बताएको छ ।

एएफपीले शनिबार प्राप्त गरेको मस्यौदा प्रस्तावको पछिल्लो संस्करणमा ‘तत्काल मानवीय युद्धविरामको माग गरिएको छ र त्यसलाई सबै पक्षले सम्मान गर्नुपर्ने’ उल्लेख छ । “प्यालेस्टिनी नागरिकको जनसङ्ख्याको जबरजस्ती विस्थापनलाई पनि अस्वीकार गर्दछ र सबै बन्धकलाई बिनाशर्त तत्काल रिहाइको माग गर्दछ”, प्रस्तावमा भनिएको छ ।

अक्टोबर ७ मा हमाससँग सुरु भएको गाजा युद्धमा इजराइलमा अधिकांश सर्वसाधारणसहितछ करिब एक हजार एक सय ६० नागरिक मारिएका थिए । हमासले सञ्चालन गरेको स्वास्थ्य मन्त्रालयका अनुसार इजराइलले गाजामा गरेको जवाफी आक्रमणमा अधिकांश महिला तथा बालबालिकासहित कम्तीमा २८ हजार आठ सय ५८ जनाको ज्यान गएको छ ।

अल्जेरियाले मङ्गलबार राष्ट्रसङ्घीय सुरक्षा परिषद्मा मतदानका लागि आग्रह गरेको छ तर वासिङ्टनले उक्त मतदानमा विशेषाधिकार प्रयोग गर्नसक्ने सङ्केत दिएको छ । राष्ट्रसङ्घका लागि अमेरिकी राजदूत लिन्डा थोमस-ग्रिनफिल्डले अल्जेरियाको प्रस्तावित मस्यौदाबारे एक विज्ञप्तिमा भन्नुभयो, “अमेरिकी राष्ट्रपति जो बाइडेन इजराइलका प्रधानमन्त्री बेन्यामिन नेतान्याहु र इजिप्ट तथा कतारका नेताहरूसँग बन्धक सम्झौतामा काम गरिरहनुभएको छ, यसले युद्धमा करिब छ साताको युद्धविराम ल्याउने छ ।”

“यसको विपरीत सुरक्षा परिषद्मा राखिएको प्रस्तावले यी परिणाम प्राप्त हुँदैन र वास्तवमा युद्धविरामको विपरीत हुनसक्छ”, उहाँले भन्नुभयो, “अमेरिका यो मस्यौदा प्रस्तावमा कारवाहीको समर्थन गर्दैन, यदि मस्यौदाअनुसार यसलाई मतदानका लागि लगियो भने त्यसलाई अपनाउन सकिँदैन ।”

इजराइल र अमेरिकाले विरोध गरेको पछिल्ला मस्यौदा प्रस्तावहरू जस्तै नयाँ मस्यौदा प्रस्तावमा हमासले गरेको अभूतपूर्व आक्रमणको निन्दा गरिएको छैन । यसै महिनाको प्रारम्भमा राजदूत थोमस-ग्रिनफिल्डले अल्जेरियाको पछिल्लो पहलबाट वार्तालाई जोखिममा पार्ने खतरा रहेको बताउनुभएको थियो । राष्ट्रसङ्घका लागि प्यालेस्टिनी राजदूत रियाद मन्सुरले हालै भन्नुभएको छ, “अब सुरक्षा परिषद्का लागि मानवीय युद्धविरामको प्रस्तावमाथि निर्णय लिने समय आएको छ भन्ने हामीलाई विश्वास छ, सुरक्षा परिषद्का सदस्यहरूबीच मस्यौदा प्रस्तावको तत्वहरूका लागि ‘ठूलो समर्थन’ छ ।”

अक्टोबर र डिसेम्बरमा गाजाको बढ्दो मानवीय सङ्कटमाथि अन्तर्राष्ट्रिय दबाबका बावजुद वासिङ्टनले युद्धविरामको माग गर्ने सन्देशहरूमाथि विशेषाधिकार लगाएको थियो । सुरक्षा परिषद्ले अक्टोबर ७ पछि गाजालाई लिएर दुई वटा मात्र प्रस्तावलाई अपनाएको छ । यसमा प्यालेस्टिनी क्षेत्रमा ठूलो स्तरमा मानवीय सहायता पुऱ्याउन गरिएको आग्रह पनि समावेश छ ।

# रूसका लागि युक्रेन युद्ध जीवन र मृत्युको सवाल : पुटिन

मस्को, ६ फागुन (रासस/एएफपी) ।

युक्रेनका राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनको युद्धभूमिमा भएका घटना रूसका लागि ‘जीवन र मरणको विषय’ भएको बताउनुभएको छ । क्रेमलिनले आफ्नो जनसङ्ख्यामा देशभक्तिको भावना जगाउनका लागि लगभग दुई वर्ष लामो द्वन्द्वलाई रूसको अस्तित्वको लडाइँको रूपमा पटक-पटक प्रस्तुत गर्दै आएको छ ।

पुटिनले रूसी सरकारी टिभीसँगको अन्तर्वार्तामा भन्नुभयो, “मलाई लाग्छ अझै पनि हामी आफैले र अझ बढी विदेशमा रहेका हाम्रा श्रोता र दर्शकहरूका लागि हाम्रो सोच्ने तरिका बुझ्न महत्वपूर्ण छ ।”

“युक्रेनको मोर्चामा जे भइरहेको छ : उनीहरूका लागि यो उनीहरूको रणनीतिक स्थितिको सुधार हो । यो रूसका लागि जीवन र मृत्युको विषय पनि हो र भाग्य पनि हो,” उहाँले भन्नुभयो । पुटिनले अमेरिकी ‘टक शो’ प्रस्तोता टकर कार्लसनलाई दिएको दुई घण्टा लामो अन्तर्वार्ताको बारेमा सोधिएको प्रश्नको जवाफमा यस्तो बताउनुभएको हो । उक्त अन्तर्वार्तामा पुटिनले रूसी इतिहासबारे लामो कुराकानी गर्नुभएको थियो र युक्रेनको राज्यका बारेमा निरन्तर प्रश्न उठाउनुभएको थियो ।

“पश्चिमा र अमेरिकी श्रोता तथा दर्शकका लागि यो सजिलो थिएन । “कार्लसन अन्तर्वार्तामा पुटिनको लामो, ऐतिहासिक विचारबारे सोधिएको प्रश्नमा पुटिनले भन्नुभयो । उहाँले भन्नुभयो, “संयुक्त राज्य अमेरिकाको इतिहास लगभग ३०० वर्षको छ, र मैले ८६२ मा सुरु गरें । त्यसैले मलाई लाग्छ, अमेरिकी दर्शकका लागि यो बुझ्न सजिलो थिएन ।”

# विद्यालयका विद्यार्थीलाई पोशाक वितरण




दैनिक समाचारदाता
राजविराज, ६ फागुन ।

सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका वडा नं. ५ स्थित कृष्ण कुमारी देवी राजपुत मेमोरियल आधारभूत विद्यालय को.बर्साइनमा आइतबार बालबालिकाहरुलाई पोशाक वितरण गरिएको छ ।

बालबालिकालाई पोशाक वितरण गर्दै गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डलले पोशाक बितरण गर्दै बालबालिकाको शिक्षाप्रति अभिभावकले पनि चासो राख्नुपर्ने आवश्यकता औंल्याउँदै अभिभावक सचेत नभए विद्यालयमा पढाएर मात्र बालबालिकाको भविष्य सुनिश्चित नहुने बताए ।

उनले सबै बालबालिकालाई समान रुपमा पहिचान दिलाउन पोशाकको महत्वपूर्ण भूमिका समेत रहेको उल्लेख गरे ।

वडा नं. ५ का वडा अध्यक्ष ललन प्रसाद राउतले आफ्ना वडाभित्रका सबै विद्यालयका बालबालिकालाई पोशाक वितरण गर्ने नीति अनुरुप पोशाक वितरण गरिएको बताए । उनले आफ्नो वडाको चार वटै विद्यालयमा पोशाक वितरण गरिएको जानकारी दिए ।

कक्षा ६ सम्म सञ्चालित सो विद्यालयमा २ सय ६५ जना बालबालिका बालबालिकालाई सर्ट, पाइन्ट, जुत्ता, मौजा र स्वेटर वितरण गरिएको गाउँपालिकाका कार्यक्रम अधिकृत राजेश कुमार झाले जानकारी दिए ।

तिलाठी कोईलाडी गाउँपालिका वडा नं. ५ का अध्यक्ष ललनप्रसाद राउतको अध्यक्षतामा आयोजित कार्यक्रममा वडा सदस्य हिरालाल साह, प्रधानाध्यापक केदार पण्डितसहितकाले मन्तव्य व्यक्त गरेका थिए ।

# मुख्यमन्त्री यादवले पाए विश्वासको मत
## पक्षमा ६९ तथा विपक्षमा ३५ मत

दैनिक समाचारदाता
जनकपुर, ६ फागुन ।

मधेशका मुख्यमन्त्री सरोजकुमार यादवले आइतबार तेश्रोपटक सदनबाट विश्वासको मत लिएका छन् । सदनमा उपस्थित १ सय ४ मध्ये उनले पक्षमा ६९ मत पाएका छन् । विपक्षमा ३५ मत परेको छ ।

गत माघ ९ गते जनमतका दुई मन्त्रीले सरकार छाड्दै सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि विश्वासको मत लिएका हुन् ।

उनलाई नेकपा एमाले र जनमत बाहेकका दल र स्वतन्त्र सांसदले विश्वासको मत दिएका छन् । मधेश प्रदेश सभामा १ सय ७ सांसदमा एमालेका सबैभन्दा धेरै २४ जना छन् ।

यसैगरी कांग्रेसका २२, जनता समाजवादी पार्टीका १९, जनमतका १३, माओवादी केन्द्रका ९, लोसपाका ९ र एकीकृत समाजवादीका ७ सांसद छन् । नागरिक उन्मुक्ति पार्टी, राप्रपाका एक/एक र एक स्वतन्त्र सांसद छन् ।

*बालकुमारी ...*

सांसदहरुको विदेश भ्रमणका क्रममा हुने खर्च सरकारले स्वयम् बेहोर्नुपर्ने र अन्य मुलुक तथा राजदूतावासको रकममा भ्रमणमा जान रोक लगाइनुपर्ने बताउनुभयो । त्यस्तै, विभिन्न भ्रष्टाचारका घटनामा दोषीलाई कारबाही गरिनुपर्ने पनि उहाँले बताउनुभयो ।

आइतबारको बैठक शुरु हुनेबित्तिकै प्रतिपक्षका सांसदहरुले उभिएर विरोध जनाएपछि सभामुख देवराज घिमिरेले बोल्न समय उपलब्ध गराउनुभएको थियो ।

*कोशी पीडितद्वारा...*

मै कोशी पीडितहरुको छुट भएको जग्गाहरुको समयमा नाप नक्सा गराइ मुआब्जा र क्षतिपुर्तीका लागी भारत सरकारसंग कुटनीतिक पहल गर्न संघर्ष समितिले पत्रमार्फत माग गरेका छन् ।

सुनसरीको चतरादेखी भारतीय सीमा क्षेत्र कुनौली बोर्डरसम्म दुबै तटबन्ध बीचम पर्ने हजारौ बिघा बालीनाली कोशीको बाढीले बर्षेनी क्षति हुने गरेको भएपनि यसको क्षतिपुर्ती प्राप्त नभएको कोशी पीडितको गुनासो छ ।

किसानहरुको हजारौ बिगहा जग्गा कटान भएको तथा बालीमा भएको क्षतिका बारेमा सन् २०१३ मा दिल्लीमा भएको नेपाल-भारत सिंचाई जलश्रोत मन्त्रीस्तरीय बैठक तथा सन् २०१४ मा काठमाण्डौमा आयोजित विदेशमन्त्रीस्तरीय बैठकमा समेत यो विषय समावेश भएपनि आश्वासन बाहेक केही पाउन नसकेको कोशी पीडितहरुको भनाइ छ ।

# मधुमेहबारे व्याप्त भ्रम चिर्न आवश्यक छ : डा भट्टराई

काठमाडौं, ६ फागुन (रासस) ।

मधुमेह तथा हर्मोनरोग विशेषज्ञ डा ज्योति भट्टराईले मधुमेहको जोखिमबाट बच्न स्वस्थ्य एवं सन्तुलित भोजन, शारीरिक व्यायाम, तनावमुक्त जीवनशैली र नियमित स्वास्थ्य परीक्षण गर्न सुझाव दिनुभएको छ ।

राष्ट्रिय समाचार समिति (रासस)को ६३औं वार्षिकोत्सवको सन्दर्भमा आइतबार यहाँ आयोजित अन्तर्क्रिया कार्यक्रममा डा भट्टराईले मधुमेहबारे समाजमा व्याप्त भ्रम रहेको भन्दै उक्त भ्रम चिर्न आवश्यक रहेको बताउनुभयो । मधुमेह भएकाले सन्तुलित खानापानमा विशेष ध्यान दिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

पछिल्लो समय मधुमेहका बिरामीको सङ्ख्यासँगै यसको जोखिम पनि बढ्दै गइरहेकोबारे सचेत गराउँदै डा भट्टराईले मधुमेहका बिरामीले चिकित्सकको सल्लाहबमोजिम मात्र खानपान र औषधिको प्रयोग गर्न सुझाव दिनुभयो ।

"मधुमेह रोगबारे हाम्रो समाजमा धेरै भ्रम र अन्योलता छ । हरियो घाँसमा खालीखुट्टा हिँड्नुपर्छ भन्ने कुरा बिरामीले सुनाउनुहुन्छ । यस्ता बिरामीले स्पोर्ट्स् जुत्ता लगाउन उपयुक्त हुन्छ । धेरै कस्सिएको र असहज हुने जुत्ता नलगाउने, खुट्टाको नियमित सरसफाइमा ध्यान दिनुपर्छ", उहाँले भन्नुभयो, "सुगर फ्रि (चिनीरहित भनिएका चामल, बिस्कुट वा कुनै पनि परिकारले मधुमेह निको हुँदैन । यस्ता विज्ञापनका आधारमा खाना उपभोग गर्नु हुँदैन । यसले फाइदा कम बेफाइदा बढी हुन्छन् ।"

डा भट्टराईले बजारमा पाइने सुगर फ्रि भनिएका खाद्यान्न खानुभन्दा गाउँघरमा उत्पादित अन्न खानु स्वास्थ्यका लागि स्वस्थकर हुने बताउँदै सरकारले किसानलाई प्राङगारिक उत्पादनमा गर्न प्रोत्साहन हुने किसिमका नीति बनाउनुपर्नेमा जोड दिनुभयो । "मकै, भटमास, गेडागुडी, साग, रेसादार फलफुल सेवन गर्नु पर्दछ", उहाँले भन्नुभयो, "मदिरा, बजारमा पाइने पेय पद्धार्थ, चुरोटलगायत हानिकारक वस्तुको प्रयोग नगर्ने हो भने पनि मधुमेहको जोखिमबाट बच्न सकिन्छ ।"

डा भट्टराईले मधुमेह वंशाणुत र वातावरण गरी दुई कारणले हुने उल्लेख गर्दै स्वस्थ्य जीवनशैली अपनाउँदा यसको नियन्त्रण गर्न सकिने बताउनुभयो । उहाँले उच्च मधुमेहले टाउकोदेखि खुट्टासम्मका विभिन्न भागमा असर पार्ने बताउनुभयो । "मुख्यतः मधुमेहका कारण अन्धोपन, मिर्गौलामा समस्या, मुटुरोग, खुट्टा, खुँडा र पैतलामा समस्या हुने गर्दछ", उहाँले भन्नुभयो ।

मधुमेहका बिरामीमा थकाई, आलस्य, पिसाब धेरै लाग्ने, तौल घट्ने, खुट्टा पोल्ने, मुख सुख्खा हुने, कमजोरी र घाउ छिटो निको नहुने लक्षण देखिने डा भट्टराईले जानकारी दिनुभयो । समयमा नै यो रोग नियन्त्रण गर्न सके सक्रिय जीवनशैली अपनाउन सकिने उहाँले बताउनुभयो । झण्डै ५० प्रतिशत बिरामीमा यसको लक्षण नदेखिने उहाँको भनाइ थियो ।

मधुमेह तथा हर्मोनरोग विशेषज्ञ डा भट्टराईले मोटो मानिसलाई मात्र मधुमेह हुन्छ भन्ने आम बुझाइ रहेको भन्दै दुब्लो व्यक्तिमा समस्या हुनसक्ने भएकाले सबैले नियमित स्वास्थ्य परीक्षण गर्नुपर्ने बताउनुभयो । "मधुमेह जुनसुकै व्यक्तिलाई हुनसक्छ । नियमित परीक्षण गराउनु, सन्तुलित खाना खानु, तनावमुक्त जीवनशैलीसँगै नियमित व्यायाम गर्नु नै यसको प्रभावकारी उपचार विधि हो", उहाँले भन्नुभयो, "प्रत्येक व्यक्तिले सकेसम्म वर्षमा एकपटक यसको परीक्षण गराउनुपर्दछ ।"

बालबालिकामा टाइप-एक र युवाअवस्थामा टाइप-दुई मधुमेहको समस्या धेरै देखिनडा भट्टराईको भनाइ थियो । नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन राससले आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा रासस सञ्चालक समितिका सदस्य एवं आलेख प्रमुख कृष्ण अधिकारीले स्वस्थ जीवनशैलीका लागि चिकित्सकसँग सल्लाह लिनुपर्ने बताउनुभयो । उहाँले कर्मचारीका लागि यस्ता अन्तर्क्रिया प्रभावकारी हुने भन्दै महिनामा एकपटक स्वास्थ्यसम्बन्धी अन्तर्क्रिया गरिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।


# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगाएत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**



# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*